# कटारी नगरपालिका
## Katari Municipality
# नगर कार्यपालिकाको कार्यालय
## Office of Katari Municipal Executive
कटारी, उदयपुर
Katari, Udayapur

*Phone No: 035-450039, 035-450296*
*Email:info@katarimun.gov.np*
*website: www.katarimun.gov.np*

१ नं. प्रदेश, नेपाल
Province No. 1, Nepal
EST. 2071


पत्र संख्या(Ref.No) :–क.प्र. / २०७९ / ८०
चलानी नं.(Dispatch No.) :- 834

मिति(Date) :- २०७९ / ०५ / ०२

नि:शुल्क जग्गा दान सम्बन्धी सूचना ।
(प्रथम पटक प्रकाशित मिति २०७९ / ०५ / ०२)

जिल्ला उदयपुर कटारी नगरपालिका वडा नं. १४ (लेखानी) को प्रशासकीय भवन (वडा कार्यालय भवन) निर्माणको लागि उपयुक्त स्थानमा आफ्नो जग्गा नभएको हुँदा यस कटारी नगरपालिकाको मिति २०७९ / ०४ / १५ गतेको नगर कार्यपालिकाको निर्णय तथा वडा नं. १४ को वडा कार्य समितिको मिति २०७९ / ०४ / २० गतेको निर्णयानुसार उक्त वडा कार्यालयको प्रशासकीय भवन निर्माणको लागि देहायका मापदण्ड अनुसारको जग्गा भएका इच्छुक दाताहरुले १५ दिनभित्र कटारी नगरपालिकाको कार्यालय वा कटारी नगरपालिका वडा नं. १४ को कार्यालयमा आफ्नो जग्गाको अवस्थिति स्पष्ट खुलाई जग्गा दानको लागि निवेदन पेश गर्न हुन यसै सूचना मार्फत् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

जग्गाको मापदण्ड

१. जग्गाको न्यूनतम क्षेत्रफल ३ रोपनी हुनु पर्ने ।
२. सिद्धिचरण राजमार्गबाट खोलिएको न्यूनतम ४ मिटर चौडा शाखा सडकले छोएको ।
३. भू-क्षय, बाढी पहिरो लगायतका प्राकृतिक प्रकोपको सम्भावना नभएको ।
४. विवाद् रहित तथा भू-वनावट मिलेको ।
५. नि:शर्त तथा नि:शुल्क उपलब्ध हुनु पर्ने ।

चार किल्ला सिमाना

१. पूर्व तर्फ – रातमाटे डाँडा
२. पश्चिम तर्फ – बाहुन पधेरा/ भदौरे खोला
३. उत्तर तर्फ – थापा टोल/सिमल्टार
४. दक्षिण तर्फ – भोक्टेनी भञ्ज्याङ्ग

निवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु:

१. जग्गाधनी प्रमाणपत्र पुर्जाको प्रतिलिपि
२. सम्बन्धित जग्गाको नक्साको प्रतिलिपि
२. जग्गाको अवस्थिति स्पष्ट खुलेको निवेदन

अनिल किराती
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत